ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४

दर्ता नं.: १४७९५१/७२/०७३

# आशा लघुवित्त वित्तीय संस्था लि.

# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

प.सं.च.नं. १६४/२०८१/८२

मिति: २०८१/०७/०८

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरवारप्लाजा, काठमाण्डौं ।**

**बिषय : आठौँ वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज दर्ता बन्द सम्बन्धी जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेलाई नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०६/२१ गते आ.व. २०८०/८१ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्रदान गरेकोले यस वित्तीय संस्थाको मिति २०८१/०७/०८ गते बसेको सञ्चालक समितिको १६० औं बैठकको निर्णय अनुसार आठौं वार्षिक साधारण सभा मिति २०८१/०८/०७ गते, समय : दिनको ३:०० बजे र स्थान : होटल उग्रचण्डी, बनेपा-७, काभ्रेपलाञ्चोकमा हुने र सो प्रयोजनको लागि वित्तीय संस्थाको मिति २०८१/०७/२५ गते शेयर दाखिल खारेज बन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०८१/०७/०९ गतेको पत्रिकामा प्रकाशित गरिने व्यहोरा अवगत गराउँदै साधारण सभाको प्रस्ताव तथा अन्य विवरण संलग्न बमोजिम रहेको अनुरोध गर्दछौं ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

भवदीय,

..........................
बद्री प्रसाद दुलाल
कम्पनी सचिव/ प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**
**श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।**
**श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।**
**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**
**श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।**

**केन्द्रीय कार्यालयः** बनेपा-१३, सांगा, काभ्रेपलाञ्चोक
Email: ashamicrofinance@gmail.com, www.ashamicrofinance.com.np

## आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८१/०७/०९)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८१ साल कार्तिक ८ गते बिहिबार बसेको सञ्चालक समितिको १६० औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**

मिति : २०८१ मंसिर ७ गते शुक्रबार (तदनुसार २०२४ नोभेम्बर २२)

स्थान : होटल उग्रचण्डी, बनेपा-७, बनेपा बजार, काभ्रेपलाञ्चोक ।

समय : दिनको ३:०० बजे

**छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को ०.७५ प्रतिशतले हुने रकम रु. ४८,१२,१२०/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८०/८१ मुनाफाबाट चुक्ता पूँजी रु. ६४,१६,१६,०००/- को १४.२५ प्रतिशतले हुने रकम रु. ९,१४,३०,२८०/- बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीको नियम ३२(१) (ख) मा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**आठौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८१/०७/२५ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०७/२४ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन् ।

२. आठौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय-पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौंमा सम्पर्क गर्नुहुन तथा यस वित्तीय संस्थाको वेवसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका दिनको २:०० बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरुलाई सभा स्थलमा आउँदा छाता, झोला वा अन्य प्रतिबन्धित कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

१०. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक